सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

आदेश

०७७-WO-०२१८

<u>मुद्दाः- उत्प्रेषण</u>।

मानव अधिकार रक्षक संजालसंग आवद्ध शैलेन्द्रप्रसाद अम्बेडकरसमेत------------ निवेदक

**विरुद्ध**

लोकसेवा आयोग अनामनगर, काठमाडौं------------------------------------------ विपक्षी

निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान बरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी, विद्वान अधिवक्ताहरु श्री केशरमणि अर्याल, श्री पंकजकुमार कर्ण र श्री सन्तोष भण्डारीले गर्नुभएको बहस सुनियो।

लोक सेवा आयोगले जारी गरेको संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को बुँदा ८(१) ले परीक्षार्थी आफू कोभिड-१९ को संक्रमणबाट संक्रमित भए/नभएको स्वयंले घोषणा गर्नुपर्ने तथा संक्रमित परिक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्न पाउने छैन भन्ने व्यवस्था भएको र यसले आजको महामारीको अवस्थामा थुप्रै परीक्षार्थीहरु प्रतिस्पर्धाबाट बन्चित हुने हुँदा नेपालको संविधानको धारा १८, धारा २१, धारा २३ र धारा ३३ विपरित भएको उक्त मापदण्डको बुँदा ८(१) बदर गरी कोरोना संक्रमित परीक्षार्थीलाई परीक्षा केन्द्रको पृथक स्थानमा राखी सुरक्षित तरिकाले जाँच लिने व्यवस्था गर्न अन्तरिम आदेश जारी गरिपाउँ भन्ने मागदावीको रिट निवेदन रहेको देखियो ।

यसमा, के कसो भएको हो?, निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो?, आदेश जारी हुन नपर्ने भए सो को आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेसगर्नू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६ बमोजिम विपक्षीका नाउँमा कारण देखाऊ आदेश जारी गरिदिएको छ । आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई लिखित जबाफ परे अवधि व्यतित् भएपछि नियमानुसार पेसगर्नू ।

अब, निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा, नेपालको संविधानको धारा १८ ले समानताको हक संरक्षण गर्दै धारा १८(२) ले स्वास्थ्य स्थिति (Health Status) को आधारमा विभेद गर्न नपाउने व्यवस्था गरेको छ । संविधानको धारा २४ ले छुवाछुत तथा भेदभाव विरुद्धको हकको सुनिश्चितता गरेको छ भने धारा १७ ले स्वतन्त्रताको हक अन्तर्गत पेशा रोजगार गर्ने स्वन्त्रता तथा धारा ३३ ले रोजगारीको हकको सुनिश्चितता गरेको पाईन्छ ।

आज विश्व नै कोरोना महामारीको अवस्थामा बाँच्नु परेको छ । हाल यस रोग विरुद्धको खोप (Vaccine) र औषधी नभएको अवस्थामा शारीरिक दुरी र स्वास्थ्य सुरक्षाका लागि प्रयोग गर्ने मास्क लगायतको प्रयोगको विकल्प नरहेको देखिन्छ ।

यस्तो महामारीको समयमा परीक्षा संचालन हुन गैरहेको अवस्थामा लोक सेवा आयोगको मापदण्डले संक्रमित व्यक्तिहरु मात्र परीक्षा दिनबाट बन्चित भई उनीहरुको संविधान प्रदत्त पेशा रोजगार गर्न पाउने हक, समानताको हक, स्वास्थ अवस्थाको आधारमा विभेद विरुद्धको हक, छुवाछुत तथा भेदभाव विरुद्धको अधिकारको समेत उलंघन हुन जान्छ । संक्रमित अवस्थाको स्वघोषणा गर्ने संक्रमितलाई परीक्षा केन्द्रमा प्रवेश रोक्ने लोक सेवा आयोगको परीक्षा सम्बन्धि मापदण्डले आफू विभेदित, लान्छित र बहिष्करणमा पर्ने डरले संक्रमित व्यक्तिले आफू संक्रमित भएको अवस्थाको घोषणा नगर्ने र यसले सबैलाई जोखिममा पुर्याउने अवस्थाको सृजना हुन जान्छ । संक्रमित लक्षणविहिन (Asymptomatic) व्यक्ति पनि हुनसक्ने हुँदा संक्रमणको अवस्था नखुलेका व्यक्तिहरु पनि परीक्षा केन्द्रमा हुनसक्ने र परीक्षामा आएका परीक्षार्थी, कर्मचारी तथा निजको सम्पर्कमा आउने व्यक्ति पनि संक्रमणको जोखिममा पुगी प्रत्येक व्यक्तिको बाँच्न पाउने संवैधानिक अधिकारमा समेत असर पर्ने देखिंदा यसले महामारीको स्थितिमा थप भयावहता ल्याउने र सम्पूर्ण परीक्षार्थी तथा कर्मचारीहरुलाई अपुरणीय क्षति हुने हुँदा सुविधा सन्तुलनको दृष्टीकोणले समेत प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म लोक सेवा आयोगले जारी गरेको संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को बुँदा ८(१) को कार्यान्वयन नगर्न नगराउन तथा सबै परीक्षार्थीलाई र परीक्षा लिने वा व्यवस्थापनमा संलग्न हुने व्यक्तिले सुरक्षित तरिकाले परीक्षा लिने र परीक्षा व्यवस्थापन गर्ने वातावरण निर्माण गर्नू गराउनू तथा स्वघोषित संक्रमित व्यक्तिहरुलाई निजको गोपनियता र आत्मसम्मानको संरक्षण गर्दै आवश्यक बैकल्पिक सुरक्षित व्यवस्था सहित परीक्षा संचालन गर्ने व्यवस्था गर्नू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम आन्तरिम आदेश जारी गरिदिएको छ । आदेशको कार्यान्वयनका लागि यसको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीलाई दिनू ।

न्यायाधीश

इति सम्वत् २०७७ साल असोज २९ गते रोज ५ शुभम् ---------------------------------------